फोन नं.:9855048899
Email :pmamp.piu.bara@gmail.com
वेभसाइट:piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, बारा / पर्सा

प.स ०८१/८२
च.नं.

## सूचना प्रकाशन सम्बन्धमा

स्वतः प्रकाशन

## आ.व. २०८१/८२को प्रथम त्रैमासिक प्रगति प्रतिवेदन

सूचनाको हकसम्बन्धी ऐन, २०६४को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम यस कार्यालयबाट मिति २०८१ श्रावण १ देखि २०८१ असोज मसान्तसम्म ३ महिना अवधिका सूचनाहरू सोही ऐनको दफा ५(४) बमोजिम देहायानुसार प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, बाराको स्वरूप र प्रकृति

**पृष्ठभूमि**

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको छ । यस क्षेत्रको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगीकरणमार्फत् समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नका लागि कृषि क्षेत्रको दीर्घकालीन "कृषि विकास रणनीति" कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा आन्तरिक संस्थागत जनशक्तिबाट दस्तावेज तयार भई नेपाल सरकारको आन्तरिक श्रोतबाट देशभर सञ्चालन हुने गरी आर्थिक वर्ष २०७३/७४देखि यस परियोजना कार्यान्वयनमा रहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय कार्यान्वयन निकाय रहने गरी १० वर्षसम्म सञ्चालन हुने यस परियोजनाको कुल प्रक्षेपित लागत १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेको छ ।

**परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य**

सोच :

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने ।

लक्ष्य :

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत् खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगीकरणउन्मुख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

उद्देश्यहरू :

१) प्रमुख कृषि उपजहरूको विशिष्टीकृत क्षेत्रहरू निर्माण गर्ने ।

डा. हरेराम यादव
वरिष्ठ कृषि अधिकृत

२) निर्यातयोग्य कृषि बाली÷वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।
३) कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने ।
४) बहुसरोकारवाला निकायहरूबिचको कार्यमूलक समन्वयमार्फत् प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

**परियोजनाका रणनीतिहरू**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि क्षेत्रको आधुनिकीकरणका लागि निम्नानुसारका रणनीतिहरू सञ्चालन गर्नेछ ।

१) भूमिको वैज्ञानिक उपयोग ।
२) आधुनिक कृषि प्रविधिहरूको अवलम्बन ।
३) कृषिमा यान्त्रिकीकरण ।
४) कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास ।
५) कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण ।
६) प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन ।
७) गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि ।
८) वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन ।

**परियोजनाका सम्भागहरू**

**बृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रम**

राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएका पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम १००० हेक्टरमा सञ्चालन भएको बृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रका रुपमा सुपर जोनहरु रहन्छन्। सुपर जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्नु, सुपर जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवम् व्यावसायिकरण प्रवर्धन, प्रशोधन केन्द्रहरुको स्थापना, मूल बिउ उत्पादन तथा कृषि अनुसन्धान केन्द्र र अध्ययन संस्थामार्फत् कृषि आधुनिकीकरण गर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशीला निर्माण गर्नु सुपर जोन विकास कार्यक्रम सञ्चालनका उद्देश्यहरु हुन्।

सुपरजोनमा श्रोत केन्द्र स्थापना सहयोगअन्तर्गत प्रजनन बिउ उत्पादन, नियामक प्रयोगशालाहरु स्थापना, प्राङ्गारिक मल कारखानाहरुको स्थापना तथा सबलीकरण, जैविक विषादी उत्पादन केन्द्र, ठूला कृषि बजारहरु, ठूला सिँचाइ पूर्वाधारहरु, कृषि तालिम केन्द्र, कृषि अनुसन्धान केन्द्र, कृषि अध्ययन संस्था÷कलेज स्थापना, कृषिजन्य उद्योगहरु स्थापनालगायतका आवश्यक पूर्वाधारहरु निर्माण गरी कृषि आधुनिकीकरणउन्मुख बनाइन्छ।

**व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम**

राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएका पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम ५०० हेक्टरमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु रहन्छन् । कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरी जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्नु, जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवम् व्यावसायिकरण प्रवर्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापनामार्फत् कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने जस्ता व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सञ्चालनका उद्देश्यहरु हुन् ।

जोन क्षेत्रमा रासायनिक तथा प्राङ्गारिक मल, उन्नत तथा हाइब्रिड बिउ बिजन, रासायनिक एवम् जैविक विषादीहरु लगायतका उत्पादन सामग्रीहरुमा तोकिएकोबमोजिम अनुदान सहयोग उपलब्ध गराइने छ । जोनमा सम्वन्धित बाली/वस्तुमा सहभागीतात्मक व्यावसायिक उत्पादन प्रविधि प्रदर्शन सञ्चालन गरिन्छ भने उत्पादन प्रविधि, बजारीकरण, मूल्य श्रृङखला

यादव

विकासलगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम सञ्चालन गरिन्छ । यान्त्रिकीकरण प्रर्वधनका लागि उत्पादनदेखि बजारीकरणसम्म आवश्यक पर्ने सबै प्रकारका मेसिनरी औजार उपकरणको सेटसहितको सेवा उपलब्ध गराउन Custom Hiring Centre स्थापनाका लागि पूँजीगत अनुदान उपलब्ध गराइन्छ । त्यस्तै, व्यावसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिङलगायतका उत्पदानोपरान्त आवश्यक पूर्वाधारहरु रहेको एक पोस्ट हार्भेस्ट सेन्टर निर्माण गरिन्छ। पूर्वाधार विकास सहयोगतर्फ लिफ्ट सिँचाइ, डिप तथा स्यालो ट्युबवेल जडान, सिँचाइ कुलो मर्मत तथा सुधार, आवश्यक कृषि पूर्वाधारहरु (Community Seed Banks, Processing, Grading and Packaging units, Marketing infrastructures, CAESC Infrastructures/Laboratories) लगायतमा सहयोग पुर्याइने छ । साथै प्राङ्गारिक मल कारखाना, टिस्युकल्चर ल्याब, हाइटेक नर्सरीलगायतका पूर्वाधार निर्माणमा सहयोग पुर्याइने छ।
यस कार्यक्रमबाट व्यावसायिक कृषक समुहहरु तथा सहकारीहरु, निजी कृषि उद्यमी तथा व्यवसायीहरु (कानुनबमोजिम दर्ता भएका कम्पनीहरु) लाभान्वित हुन्छन् । जोन कार्यक्रम समन्वयका लागि जोन स्तरमा जोन समन्वय समिति रहन्छ।

**व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम**

राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएका पूर्वाधारहरु भएको र तोकिएको बाली÷वस्तुमा न्यूनतम १०० हेक्टरमा (मौरी, च्याउ, हाइटेक ग्रीनहाउस/प्लास्टिक हाउस, मत्स्य पोखरीको हकमा कार्यविधिमा व्यवस्था भए अनुसारको संख्या तथा क्षेत्रफलमा) सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन केन्द्रका रुपमा ब्लकहरु रहन्छन् । जिल्लास्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लकहरु रहनेछन् । जिल्लास्तरमा कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरी ब्लकमा समावेश गरिएका बाली÷वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, ब्लक क्षेत्रमा कृषि यन्त्रिककीरण, कृषि पूर्वधार विकास तथा व्यावसायिकरण प्रबर्धन गर्नु यस्ता व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम संञ्चालनका उद्देश्यहरु रहेका छन् ।
यस कार्यक्रमबाट व्यवसायिक कृषक समुहहरु तथा सहकारीहरु, जलउपभोक्ता समूहहरु, निजी कृषि उद्ममी तथा व्यवसायिहरु लाभान्वित हुन्छन् ।

**साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम**

राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको बाली/वस्तुमा तोकिएको न्युनतम क्षेत्र/संख्यामा (मौरी, च्याउ, हाइटेक ग्रिन हाउस/प्लाष्टिक हाउस, मक्ष्य पोखरीको हकमा कार्यविधिमा व्यवस्था भए अनुसारको संख्या तथा क्षेत्रफलमा) जिल्लास्तरमा प्राथमिक उत्पादन एकाइका रुपमा साना ,साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिन्छन् ।

डा. हरेराम यादव
वरिष्ठ कृषि अधिकृत

जनशक्ति विवरण

| क्र.सं. | स्वीकृत पद/श्रेणी | दरबन्दी | सेवा | पदपूर्ती | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत, रा प द्धि प्रा | १ | स्थायी | १ | ० |
| २ | कृषि अधिकृत, रा.प. तृ. प्रा. | २ | स्थायी | २ | ० |
| ३ | कृषि अधिकृत, रा.प. तृ. प्रा. | २ | करार | १ | १ |
| ४ | विषय विज्ञ | - | सेवा परामर्श | - | - |
| ५ | प्राविधिक सहायक (प्रा.स.) | २ | स्थायी | २ | ० |
| ६ | प्राविधिक सहायक (ना.प्रा.स.) | ६ | करार | ५ | १ |
| ७ | लेखापाल | १ | स्थायी | १ | ० |
| ८ | नायव सुव्वा रा.प.अनं. प्रथम | १ | स्थायी | १ | ० |
| ९ | खरिदार रा.प.अनं. द्वितीय | - | स्थायी | | - |
| १० | कृषि इन्जिनियर | १ | परामर्श सेवा | १ | ० |
| ११ | ओभरसियर/सब इन्जिनियर | - | परामर्श सेवा | - | - |
| १२ | कम्प्यूटर अप्लेटर | १ | परामर्श सेवा | १ | ० |
| १३ | कार्यालय सहयोगी | ३ | करार | ३ | ० |
| १४ | सरसफाई | २ | परामर्श सेवा | २ | ० |
| जम्मा | | २२ | | २० | २ |

आ.व. २०८१/८२मा प्राथामिकताका कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | एकाइ | लक्ष्य | बजेट रु लाखमा |
|---|---|---|---|---|
| १ | माछाको सुकुटी बनाउने उधोगमा भटि निर्माण/मर्मतमा सहयोग | पटक | १ | ५ |
| २ | हयाचरी सुद्रीढीकरण कार्यक्रम | वटा | २ | १० |
| ३ | पुरानो आइस प्लान्ट सुदिढीकरण कार्यक्रम | वटा | ४ | २८ |
| ४ | पैलेट मेसिन र उत्पादन | वटा | १ | १५ |
| ५ | तरकारीको क्षेत्रफल विस्तार | हेक्टर | २० | ४० |
| ६ | बजारीकरणको लागि ५० प्रतिशत अनुदानमा ई लोडर वितरण | वटा | ८ | १६ |

डा. हरेराम यादव
वरिष्ठ कृषि अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ७ | व्यवसायिक प्याज प्रवर्धन कार्यक्रम | पटक | ४ | १७ |
| ८ | केराको क्षेत्रफल विस्तार | हेक्टर | २० | ३०.६ |
| ९ | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | संख्या | १ | १२ |
| १० | चिलिङ्ग भ्याट स्थापना सहयोग | संख्या | १ | ४.५ |
| ११ | धान बिज वृद्धि कार्यक्रममा अनुदान | हेक्टर | २५ | ११.२५ |
| १२ | ५० प्रतिशत अनुदानमा राइस ट्रान्सपलान्टर ट्रे समेत | संख्या | १ | १५ |
| १३ | धानजोनमा छनौट भएका समुह /सहकारीलाई रोटा भेटर वितरण | संख्या | ६ | ६ |
| १४ | धान मिल स्तरीकरण | संख्या | १ | १६ |
| १५ | धान चिरा/भुजा मिल स्थापना र संचालन | संख्या | १ | २५ |
| १६ | वीउ उत्पादन कार्यक्रम | हेक्टर | १०० | १७ |
| १७ | मसिना धान प्रवर्धन कार्यक्रम | हेक्टर | ६० | ९.६ |
| १८ | नयाँ पोखरी निर्माण | हेक्टर | १५ | ४५ |
| १९ | कुलो निर्माण तथा मर्मत सम्भार | संख्या | २७ | ४० |
| २० | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८० |
| २१ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १०० | १०० |
| २२ | चैते धान खेती विस्तार सहयोग | हेक्टर | १००० | ८५ |
| २३ | उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | पटक | २० | ८० |

डा. हरेराम यादव
वरिष्ठ कृषि अधिकृत

## प्रथम त्रैमासिक अवधिमा कार्यक्रम कार्यान्वयनको प्रगति

| क्र.सं | कार्यक्रम/क्रियाकलापहरु | वार्षिक लक्ष्य परिमाण | एकाइ | सुपरजोन/जोनको नाम | सूचना प्रकाशन मिति | आवेदन परेको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | माछाको सुकुटी बनाउने उधोगमा भटि निर्माण/मर्मतमा सहयोग | १ | पटक | माछा सुपरजोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | ३ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| २ | हयाचरी सुदृढीकरण कार्यक्रम | २ | वटा | माछा सुपरजोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | ३ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| ३ | पुरानो आइस प्लान्ट सुदिढीकरण कार्यक्रम | ४ | वटा | माछा सुपरजोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | ६ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| ४ | पैलेट मेसिन र उत्पादन | १ | वटा | माछा सुपरजोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | ५ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| ५ | तरकारीको क्षेत्रफल विस्तार | २० | हेक्टर | तरकारी जोन | २०८१।०५।०२ देखी ३१ सम्म | २० | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| ६ | बजारीकरणको लागि ५० प्रतिशत अनुदानमा ई लोडर वितरण | ८ | वटा | तरकारी जोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | २१ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| ७ | व्यवसायिक प्याज प्रवर्धन कार्यक्रम | ४ | पटक | तरकारी जोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | १ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| ८ | प्राविधिक शिक्षालयमा कृषि प्रविधि सिकाई तथा प्रदर्शन केन्द्र स्थापना | १ | पटक | केरा जोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | ० | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |

डा. हरेराम यादव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | केराको क्षेत्रफल विस्तार | २० | हेक्टर | केरा जोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | ९ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १० | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | १ | संख्या | केरा जोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | २ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| ११ | चिलिङ्ग भ्याट स्थापना सहयोग | १ | संख्या | गाईभैसी जोन बारा | २०८१।०५।०२ देखी ३१ सम्म | २ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १२ | धान बिज वृद्धि कार्यक्रममा अनुदान | २५ | हेक्टर | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ११ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १३ | ५० प्रतिशत अनुदानमा राइस ट्रान्सपलान्टर ट्रे समेत | १ | संख्या | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ० | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १४ | धानजोनमा छनौट भएका समुह /सहकारीलाई रोटा भेटर वितरण | ६ | संख्या | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ४ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १५ | समूह/सहकारीको साझेदारीमा बिउ भण्डारण गृह निर्माण ८५ प्रतिशत अनुदानमा | १ | संख्या | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ० | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १६ | धान मिल स्तरीकरण | १ | संख्या | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ५ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १७ | धान चिरा/भुजा मिल स्थापना र संचालन | १ | संख्या | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | २ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |

डा. हरेराम यादव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | वीउ उत्पादन कार्यक्रम | १०० | हेक्टर | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ८ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| १९ | मसिना धान प्रवर्धन कार्यक्रम | ६० | हेक्टर | धान जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ६ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| २० | नयाँ पोखरी निर्माण | १५ | हेक्टर | माछा जोन पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ५ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| २१ | कुलो निर्माण तथा मर्मत सम्भार | २७ | संख्या | सुपरजोन/ जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ५ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| २२ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ | पटक | सुपरजोन/ जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | २३१ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| २३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | १०० | संख्या | सुपरजोन/ जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | १०३ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| २४ | स्यालो टयूबेल बोरिङ्ग लगायतका (भुमिगत सिचाँई पुर्वाधार) | ६० | पटक | सुपरजोन/ जोन बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | ८९ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |
| २५ | चैते धान खेती विस्तार सहयोग | १००० | हेक्टर | जिल्ला बारा र पर्सा | २०८१।०५।०२ देखी ३१ सम्म | १०२ | २०८१।०५।३१ देखी २०८१।०६।१० सम्म |

डा. [illegible] यादव
वरिष्ठ कृषि अधिकृत

## प्रथम त्रैमासिक अवधिमा मुख्य मुख्य उपलब्धिहरु

| क्र.सं | सम्पन्न क्रियाकलाप | खर्च शिर्षक | एकाइ | बार्षिक लक्ष्य | | प्रथम त्रैमासिक लक्ष्य | | प्रथम त्रैमासिक प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट |
| अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |
| १ | डेक्सटप कम्पूटर खरिद (प्रिन्टर सहित) | ३११२२ | सेट | १ | ०.९ | १ | ०.९ | १ | ०.९ |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |
| १ | रा.प. द्वितीय | २११११ | जना | ० | ८.७७ | ० | २.७ | ० | २.७ |
| २ | रा.प. तृतीय | २११११ | जना | ० | १५.७२ | ० | ४.८४ | ० | ४.८४ |
| ३ | रा.प.अनं. प्रथम | २११११ | जना | ० | २६.३२ | ० | ८.१ | ० | ८.१ |
| ४ | कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च | २१२१३ | जना | ७ | ०.३४ | ७ | ०.३४ | ७ | ०.३४ |
| ५ | धाराको महसुल | २२१११ | पटक | १ | ०.३ | ० | ०.०८ | ० | ०.०८ |
| ६ | बिद्युत महशुल | २२१११ | पटक | १ | २.८८ | ० | ०.७२ | ० | ०.७२ |
| ७ | जारको पिउने पानी | २२१११ | जार | १ | ०.९ | १ | ०.२ | १ | ०.२ |
| ८ | टेलिफोन महसुल | २२११२ | महिना | २ | १.०८ | १ | ०.२७ | १ | ०.२७ |
| ९ | ईमेल्/ इन्टरनेट/वेवसाइट महसुल | २२११२ | महिना | ४ | १.९२ | १ | ०.४८ | १ | ०.४८ |
| १० | कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने मोटरसाइकलका लागि पेट्रोल | २२२१२ | लिटर | १०३२ | १.८८ | २५० | ०.४६ | २५० | ०.४६ |
| ११ | कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने गाडीका लागि डिजेल | २२२१२ | लिटर | २२२० | ३.८९ | ५५० | ०.९ | ५५० | ०.९ |
| १२ | दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च | २२२१३ | वटा | १० | १.५ | ३ | ०.४५ | ३ | ०.४५ |
| १३ | चार पांग्रे सवारी साधन मर्मत | २२२१३ | वटा | २ | ३.५ | १ | ०.७५ | १ | ०.७५ |
| १४ | बीमा सवारी साधन | २२२१४ | संख्या | १० | ०.५ | ० | ० | १० | ०.५ |
| १५ | सवारी साधन नविकरण शुल्क | २२२१४ | संख्या | १० | ०.९६ | ० | ० | १० | ०.९६ |
| १६ | मेशिनरी उपकरण मर्मत | २२२२१ | पटक | १२ | १.४४ | ३ | ०.३६ | ३ | ०.३६ |
| १७ | कार्यालयको लागि स्टेसनरी, टोनर तथा अन्य मालसामान | २२३स।११ | पटक/संख्या | १२ | १.५६ | ३ | ०.३९ | ३ | ०.३९ |
| १८ | कार्यालय मसलन्द सामान खर्च | २२३११ | पटक | ४ | १.९२ | १ | ०.४८ | १ | ०.४८ |
| १९ | अन्य प्रयोजनको लागि ईन्धन | २२३१४ | पटक/संख्या | १२ | ०.३६ | ३ | ०.०९ | ३ | ०.०९ |
| २० | कार्यालयलाई आवश्यक विभिन्न सामाग्री छपाई | २२३१५ | पटक | २ | ०.५४ | १ | ०.२७ | १ | ०.२७ |
| २१ | पत्रपत्रिका तथा पुस्तिका खरीद तथा कृषि सम्बन्धि पत्रिका खरिद र विज्ञापन भुक्तानि (पत्रपत्रिका तथा पुस्तिका) | २२३१५ | पटक | ४ | १.२ | १ | ०.३ | १ | ०.३ |

डा. हरेराम यादव

वरिष्ठ कृषि अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | पत्रपत्रिका, रेडियोमा विज्ञापन तथा सूचना प्रकाशन | २२३१५ | पटक/संख्या | ४ | ०.८ | २ | ०.४ | २ | ०.४ |
| २३ | पशु स्वास्थ्य/सेवा प्राविधिक सेवा करारमा लिने | २२४११ | संख्या | १ | ३.९५ | १ | ०.९९ | १ | ०.९९ |
| २४ | सेवा परामर्श (ओभरसियर) | २२४११ | जना | १ | ४.१७ | १ | १.०४ | १ | १.०४ |
| २५ | प्रयोगशाला सहायक | २२४११ | जना | १ | ३.९६ | १ | ०.९९ | १ | ०.९९ |
| २६ | कार्यालय सहयोगी सेवा करारमा लिने | २२४१३ | संख्या | ४ | ११.८७ | ३ | २.७५ | ३ | २.७५ |
| २७ | सेवा करारका कर्मचारीलाई चाडपर्व खर्च | २२४१३ | संख्या | १४ | ४.४१ | १४ | ४.४१ | १४ | ४.४१ |
| २८ | सवारी चालक करारमा लिने | २२४१३ | संख्या | १ | ३.३२ | १ | ०.८३ | १ | ०.८३ |
| २९ | कम्प्युटर अपरेटर व्यक्ति करार | २२४१३ | जना | १ | ४.१७ | १ | १.०४ | १ | १.०४ |
| ३० | कृषि प्राविधिक करारमा लिने | २२४१३ | जना | ६ | २३.६९ | ६ | ६ | ६ | ६ |
| ३१ | कृषि सेवाका अधिकृत सेवा करार | २२४१३ | जना | २ | १०.४९ | २ | २.६ | २ | २.६ |
| ३२ | सरसफाई सेवा करार | २२४१९ | जना | २ | ३.८४ | २ | ०.९६ | २ | ०.९६ |
| ३३ | स्थानीय तहमा कार्यरत कृषि/पशु सेवा प्राविधिकहरुको लागि पकेट/ब्लक विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण | २२५१२ | पटक | २ | १.२५ | १ | ०.६३ | १ | ०.६३ |
| ३४ | माटो सुधारको लागि कृषि चुन ढुवानी सहित अनुदानमा वितरण | २२५२२ | मे.ट. | ४० | ०.४८ | ० | ०. | ४० | ०.४८ |
| ३५ | वार्षिक प्रगति प्रतिवेदन अभिलेखीकरण तथा प्रकाशन | २२५२२ | पटक | १ | ०.६४ | १ | ०.६४ | १ | ०.६४ |
| ३६ | न्यूनतम समर्थन मूल्य निर्धारणका लागि मुख्य बाली वस्तुको लाभ लागत अध्ययन विश्लेषण | २२५२२ | संख्या | ३ | १.०२ | १ | ०.३४ | ० | ०. |
| ३७ | बाली संरक्षण सेवा | २२५२२ | पटक | ४ | १.७ | १ | ०.४३ | १ | ०.४३ |
| ३८ | कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट संचालित कार्यक्रम अनुगमन तथा निरिक्षण | २२६११ | पटक | २८ | ६.०४ | ६ | १.३५ | ६ | १.३५ |
| ३९ | भ्रमण खर्च | २२६१२ | पटक | ३२ | ३.३६ | ८ | ०.८४ | ८ | ०.८४ |
| ४० | कार्यालयमा दैनिक चियापान खर्च तथा अन्य भैपरि आउने विविध खर्च | २२७११ | महिना | १२ | २.४ | ३ | ०.६ | ३ | ०.६ |
| ४१ | नियमित स्टाफ बैठकमा हुने चियापान खर्च | २२७११ | महिना | १२ | ०.८४ | ३ | ०.२१ | ३ | ०.२१ |
| ४२ | कार्यालयको घर भाडा | २८१४२ | महिना | २ | १३.२ | २ | ३.४ | २ | ३.४ |
| ४३ | परियोजना प्रचार प्रसार समाग्री तयारी(बुकलेट, फोल्डर, पम्पेल्ट प्रकाशन) | २२५२२ | पटक | १ | १.२८ | १ | १.२८ | ० | ०. |

डा. हरेराम यादव
कृषि अधिकृत